# सेवा करारमा कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७९

मानननीय मन्त्रीस्तरवाट स्वीकृत मिति २०७९।२।१२

**प्रस्तावना:** कृषि सेवाका विभिन्न समूहका अधिकृत र सहायकस्तरका प्राविधिक कर्मचारीहरु खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा भर्ना गर्न छनौट सम्बन्धी आधारहरु तय गर्न आवश्यक भएकोले विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सेवा करारमा कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अधिकृत"** भन्नाले मन्त्रालय र मातहतका कार्यालयहरुमा सेवा करारमा काम गर्ने कृषि सेवाका सबै समूहका अधिकृतस्तर सातौं तहको कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"पदपुर्ति समिति"** भन्नाले सेवा करारमा प्राविधिक कर्मचारी छनौट गर्न दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ग) **"पदाधिकारी"** भन्नाले पदपूर्ति समितिमा र सिफारिस समितिमा रहने अध्यक्ष र सदस्यहरुलाई सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) **"प्राविधिक कर्मचारी"** भन्नाले कृषि सेवाका विभिन्न समूहका अधिकृत र सहायकस्तरका प्राविधिक कर्मचारीहरु सम्झनु पर्छ ।

(च) **"मातहतका कार्यालय"** भन्नाले मन्त्रालय मातहतका सबै कार्यालयहरुलाई सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"सहायकस्तर"** भन्नाले मन्त्रालय र मातहतका कार्यालयहरुमा सेवा करारमा काम गर्ने कृषि सेवा अन्तर्गतका सबै समुहका प्राविधिक सहायकस्तर पाचौंलाई सम्झनु पर्छ ।

(झ) **"सिफारिस समिति"** भन्नाले सेवा करारमा प्राविधिक कर्मचारी छनौट गर्न दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## पदपूर्ति तथा सिफारिस समिति

३. **पदपूर्ति समितिको गठनः** (१) प्राविधिक कर्मचारी छनौट गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | - संयोजक |
| (ख) निर्देशक, सम्बन्धित निर्देशनालय | - सदस्य |

(ग) महाशाखा प्रमुख, मन्त्रालयको सेवा समूहसँग सम्बन्धित - सदस्य

(घ) विज्ञ, मन्त्रालयले छनौट गरेको विषयसँग सम्बन्धित -सदस्य

(ङ) प्रमुख, मन्त्रालयको प्रशासन महाशाखा - सदस्य सचिव

४. **<u>पदपुर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने,

ख. दक्ष/विज्ञहरुको छनौट गर्ने,

ग. संक्षिप्त सूचीमा सफल उम्मेदवारहरुको अन्तरवार्ता लिने,

घ. प्राविधिक कर्मचारी छनौट सम्बन्धि कुनै समस्या देखिएमा वाधा अडकाउ फुकाउने,

ङ. मर्यादित, तटस्थ र निष्पक्ष ढङ्गले कर्मचारी छनौट सम्बन्धी कार्य गर्ने गराउने,

च. सिफारिस समितिले गरेका सिफारिसको निर्णय लिने,

छ. समिति आफैले गर्ने कार्य वाहेक गोपनीयता भङ्ग नहुने साधारण कार्य गर्नको लागि मन्त्रालय वा मातहतका निकायका कर्मचारीहरुको सहयोग लिन सक्ने,

ज. पदसँग सम्बन्धित कार्यविवरण (TOR) स्वीकृत गर्ने,

झ. कर्मचारी छनौट सम्बन्धि सूचना प्रवाहको आवश्यक व्यवस्था मिलाउने ।

५. **<u>सिफारिस समितिको गठनः</u>** (१) कृषि सेवाका प्राविधिक कर्मचारीहरु करारको लागि प्रतिस्पर्धा गराई उपयुक्त उम्मेदवारको छनौट गरी सिफारिस गर्न मन्त्रालयको प्रशासन महाशाखाले सिफारिस समितिको कार्य गर्नेछ । सिफारिस समितिले पदपुर्ति समितिले तोके बमोजिमको कार्य गर्नुपर्नेछ ।

(२) सिफारिस समितिले आवश्यकतानुसार विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद- ३

## <u>पदपूर्ति तथा छनौट सम्बन्धि व्यवस्था</u>

६. **<u>उम्मेदवारको योग्यताः</u>** (१) देहायको व्यक्ति कृषि सेवाको अधिकृतस्तर सातौं पदमा नियुक्तिको लागि योग्य मानिनेछन्।

क. नेपाली नागरिक,

ख. २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम दिनसम्म ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० बर्ष ननाघेको,

ग. मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि, भेटेरिनरी र लाईभस्टक विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र,

ङ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

(२) देहायको व्यक्ति प्राविधिक सहायकस्तर पाचौं पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

क. नेपाली नागरिक,

ख. १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम दिन सम्म ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० बर्ष ननाघेको,

ग. मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि र भेटेरीनरी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र,

ङ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

७. <u>सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम पदपूर्ति गरिने पदको लागि १५ (पन्ध्र) दिनको समय दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ । सो सूचना मन्त्रालयको वेभसाईट र सूचना पाटीमा समेत टाँस गरिनेछ ।

(२) सूचनामा प्रकाशित पदको लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले सूचनामा तोकिएको म्यादभित्र अनुसूची-२ बमोजिमको ढाचामा दरखास्त फाराम भरी सोही सूचनामा उल्लेख गरिएको स्थानमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त उपर छानविन गर्दा रित पुगेको र सूचनामा उल्लिखित योग्यताहरु पुरा भएको दरखास्त मात्र स्वीकृत गरिनेछ । झुटा विवरण पेश गरेको पाईएमा पदपुर्ति समितिले कुनै पनि समयमा दरखास्त रद्द गर्न सक्नेछ ।

८. <u>दरखास्त दस्तुरः</u> कृषि सेवा अन्तर्गतका सवै अधिकृतको हकमा दरखास्त दस्तुर रुपैयाँ एक हजार मात्र र सहायकस्तर पदको लागि रुपैयाँ पाच सय हुनेछ ।

९. <u>पदसंख्या निर्धारणः</u> बागमती प्रदेश सरकारवाट स्वीकृत तपसिल बमोजिमको पदहरुमा सेवा करारमा भर्ना गरिनेछ ।

<u>तपसिलः</u>

| क्र.स | सेवा | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | नेपाल कृषि | पशु सेवा अधिकृत | अधिकृतस्तर सातौं | २० |
| २ | नेपाल कृषि | कृषि विकास अधिकृत | अधिकृतस्तर सातौं | १० |
| ३ | नेपाल कृषि | पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर पाचौं | ३३ |

१०. <u>पाठ्यक्रमः</u> पशु सेवा अधिकृत (अधिकृतस्तर सातौं), कृषि विकास अधिकृत (अधिकृतस्तर सातौं) र पशु स्वास्थ्य प्राविधिक (सहायकस्तर पाचौं) कर्मचारी करारमा पदपूर्ति गर्ने प्रयोजनका लागि क्रमशः अनुसूची-३, अनुसूची-४ र अनुसूची-५ बमोजिमको पाठ्यक्रम हुनेछ ।

११. <u>कर्मचारी छनौटका आधारः</u> कर्मचारी छनौटका लागि विभिन्न चरणमा लिइने परीक्षाको विधि देहाय वमोजिम हुनेछः-

(क) **प्रतियोगितात्मक लिखित परीक्षाः**

१. प्रतियोगितात्मक लिखित परीक्षाको कुल अङ्क सय (१००) पूर्णाङ्कको हुनेछ ।

२. सिफारिस समितिले लिखित परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था मिलाउनेछ ।

३. लिखित परीक्षामा उत्तिर्ण भएका उम्मेदवारहरुको अन्तरवार्ताका लागि सिफारिस समितिले आवश्यक प्रबन्ध गर्नेछ ।

४. आवश्यक पद संख्याको कम्तिमा थप पचास प्रतिशत उमेदवारहरुको नाम लिखित परीक्षाको माध्यमबाट अन्तरवार्ताको लागि छनौट गरिनेछ । यस दफा बमोजिम उम्मेदवारले लिखित परीक्षामा प्राप्त गर्ने अङ्कलाई अन्तरवार्तामा प्राप्त गरेको अङ्कमा गणना गरी योग्यता प्रणालीको आधारमा अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

५. खण्ड (क) १ बमोजिम सञ्चालन गरिने लिखित परीक्षा सय पूर्णाङ्कको वस्तुगत प्रश्नमा आधारित प्रति प्रश्न दुई अङ्कभारको हुनेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क चालीस प्रतिशत हुनेछ । लिखित परीक्षामा अनुत्तीर्ण हुने परीक्षार्थीलाई बाँकी छनौट प्रक्रियामा संलग्न गराइने छैन ।

६. लिखित परीक्षा सम्बन्धि थप व्यवस्था पदपुर्ति समितिले तोके बमोजिम हुनेछ ।

(ख) **अन्तरवार्ता** :

१. अन्तरवार्ताको अङ्क अनुसूची-६ बमोजिम कुल बीस (२०) पूर्णाङ्कको हुनेछ ।

२. अन्तरवार्ताको लागि तोकिएको मिति, समय र स्थानमा अनुपस्थित हुने उम्मेदवारलाई पुनःअन्तरवार्तामा सामेल गराइने छैन ।

३. अन्तरवार्ताको मिति, समय र स्थान सम्वन्धी सूचना मन्त्रालयको वेबसाइट र सूचना पाटीमा टाँस गरिनेछ ।

४. अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरुले अन्तरवार्ताका दिन आँफुले पेश गरेका शैक्षिक योग्यताका सक्कलै प्रमाण-पत्रहरु लिई आउनुपर्नेछ ।

५. अन्तरवार्ताको मूल्यांकन गर्ने प्रत्येक सदस्यले तोकिए वमोजिम अलग अलग फारममा मूल्यांकन गर्नुपर्नेछ । अन्तरवार्ता समाप्त हुने बित्तिकै अन्तरवार्तामा संलग्न सदस्यहरुले मूल्याङ्कन फारमलाई सिलबन्दी गरी सहिछाप गर्नुपर्नेछ ।

६. अन्तरवार्तामा संग्लन कुनै मूल्यांकनकर्ताले सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ । अन्तरवार्ताको चरणमा लोकसेवा आयोगले अवलम्बन गरेको आचारसंहिता लागु हुनेछ ।

१२. **अन्तिम नामावली प्रकाशन तथा सेवा करारका लागि सिफारिसः** (१) अन्तिम नतिजा प्रकाशनको लागि पदपुर्ति समितिबाट लिइएको परीक्षामा उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अंक र अन्तरवार्तामा प्राप्त गरेको अंक जोडी सो आधारमा योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ। साथै वाँकी उत्तीर्ण उम्मेदवारहरु मध्ये प्राप्ताङ्कको आधारमा बैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्नको लागि योग्यताक्रमको सूची तयार गरिनेछ।

(२) सिफारिस भएका उम्मेदवारहरुलाई नतिजा प्रकाशन भएको मितिले सात दिनको म्याद दिइ करार सम्झौता गर्न सूचना दिईनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग मन्त्रालयले अनुसूची-७ बमोजिमको ढाँचामा करार सम्झौता गर्नेछ । सो अवधिभित्र उम्मेदवारले सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक उम्मेद्वारलाई सूचना दिई करार सम्झौता गरिनेछ ।

(४) यस कार्यविधि बमोजिम सेवा करारमा राखिएका कर्मचारीको पद छ महिना भित्र रिक्त भएमा बैकल्पिक सूचीमा भएका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा पदपुर्ति गर्न सकिनेछ ।

(५) यस कार्यविधि वमोजिम करार सम्झौता भई कामकाज गरेका कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडि सम्वन्धित कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

१३. **<u>सेवा सुविधा एवं पदावधि सम्बन्धी व्यवस्थाः</u>** सेवा करारको लागि नियुक्त गरिएका कर्मचारीको पदावधि सेवा करार सम्झौतामा तोकिए वमोजिम हुनेछ । सेवा करारमा कार्यरत कर्मचारीको तलव प्रदेश सरकारको सम्वन्धित स्तरको पदको लागि तोकेको सुरु तलव स्केल बरावर हुनेछ ।

## परिच्छेद-४

## <u>विविध</u>

१४. **<u>आचारसंहिता पालना गर्नुपर्नेः</u>** (१) यस कार्यविधि बमोजिम सेवा करारमा कर्मचारी छनौट प्रक्रियामा संलग्न हुने समितिका सदस्य, दक्ष/विज्ञ, कर्मचारी लगायत सबैले देहाय बमोजिमका आचारसंहिताको पालना गर्नुपर्नेछः-

(क) पदपूर्ति एवं अन्तरवार्ता सम्बन्धी कार्य जिम्मेवारीको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त वा प्रकट गर्नु हुँदैन।

(ख) आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा अन्तरवार्ता सम्बन्धि जिम्मेवारी निर्वाह गर्नु हुँदैन। यसरी संलग्न भएको पाईएमा उक्त मूल्याङ्कन रद्द हुनेछ ।

(ग) अन्तरवार्तामा प्रदान गरिएको अङ्कको विषयमा कहीं कतै व्यक्त गर्नुहुदैन ।

(घ) आफ्नो नैतिक जिम्मेवारी इमान्दारीताका साथ पालना गर्नुपर्नेछ ।

(ङ) कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कही कतै मत व्यक्त वा प्रकट गर्नु हुँदैन।

(च) कार्यगत स्वतन्त्रता र निष्पक्षता कायम राख्न हरसम्भव प्रयत्नशिल रहनु पर्नेछ।

(छ) छनौट कार्यमा गोपनीयता कायम गर्नुपर्नेछ।

(ज) कर्मचारी छनौट सम्बन्धी कार्य सम्पादन गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष अप्रत्यक्ष रुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको सही रुपमा प्रयोग गरी कार्यसम्पादन गर्नु पर्नेछ।

(झ) कुनै पनि उम्मेदवारबाट कुनै दान, दातव्य, चन्दा, ऋणसापटी, आर्थिक, वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण वा स्वीकार गर्नुहुदैन ।

१५. **गोपनीयताः** छनौट प्रकृयामा संलग्न सबै पदाधिकारी एवं कर्मचारीको कामकारवाही सम्बन्धी गोपनीयता कायम राख्नुपर्नेछ ।

१६. **सुपरिवेक्षणमा रहनुपर्नेः** कर्मचारी खटिएको कार्यालयको प्रमुखको सुपरीवेक्षणमा रही कामकाज गर्नुपर्नेछ ।

१७. **करार सम्झौता रद्द हुनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि विशेष उद्देश्यले सञ्चालन गरिएका कार्यक्रमको अवधि समाप्त भएमा, करार सेवाको लागि कार्यक्रम तथा बजेट नभएमा वा कार्यक्रम निरन्तर नचलेमा वा कार्य सम्पादन सन्तोषजनक नभएमा सेवा करार सम्झौता जुनसुकै समयमा रद्द गर्न सकिने छ ।

(२) कर्मचारीको सेवा सन्तोषजनक नभएको भनी निज कार्यरत रहेको कार्यालयले सिफारिस गरेको अवस्थामा नियुक्त गर्ने मन्त्रालयले करार सम्झौता जुनसुकै समयमा भङ्ग गरी निजलाई हटाउन सक्ने छ ।

१८. **संशोधनः** यस कार्यविधि मन्त्रालयले संशोधन गर्न सक्नेछ।

**अनुसूची-१**

**सूचनाको ढाँचा**

**दफा ७ को उपदफा (१) सँग सम्बन्धित**

**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**हेटौंडा, नेपाल**
**करारमा कर्मचारी पदपुर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना**
**सूचना प्रकाशित मितिः २०७९/........**

यस मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमका लागि विभिन्न प्राविधिक पदहरुमा सेवा करारमा काम गर्न चाहने योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात र तोकिए अनुसारको दरखास्त दस्तुर सहित दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस मन्त्रालयको वेवसाइट *molmac.bagamati.gov.np* बाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापन नं. | सेवा | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| | नेपाल कृषि | पशु सेवा अधिकृत | अधिकृतस्तर सातौं | २० |
| | नेपाल कृषि | कृषि विकास अधिकृत | अधिकृतस्तर सातौं | १० |
| | नेपाल कृषि | पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर पाचौं | ३३ |

**तपसिलः**

१. अनुसूची-२ बमोजिमको दरखास्त फारम,
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि- १ थान,
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि-१ थान,
४. समकक्षता भए समकक्षता निर्धारण भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि-१ थान,
५. दरखास्त दस्तुर बुझाएको सक्कल रसिद ।

**आवश्यक योग्यताः**

क. नेपाली नागरिक,
ख. २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको तर महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,
ग. कृषि विकास अधिकृतको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,
घ. पशु सेवा अधिकृतको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट पशु विज्ञान/भेटेरिनरी विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,

ङ. पशु स्वास्थ्य प्राविधिकको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाण पत्र तह(आई. एस्सी एगृ) उत्तीर्ण, वा एस.एल.सी वा टि.एस.एल.सी. उत्तीर्ण, गरी न्यूनतम तीन वर्ष अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे. टि.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा एक वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण पत्र) उत्तीर्ण,

च. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र,

छ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

<u>**दरखास्त दस्तुर**</u>ः श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कोड नं. ३१२००३२०१३ राजश्व खाता नं. १०००२०००१०००० राजश्व शिर्षक, १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लि., हेटौडा शाखामा अधिकृत पदको लागि रु.१०००।- (अक्षेररुपी एक हजार मात्र) र पशु स्वास्थ्य पदको लागि रु. ५००।- ( अक्षेररुपी पाँच सय मात्र) बुझाएको भौचर पेश गर्नुपर्नेछ ।

<u>**दरखास्त दिने स्थान**</u>ः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा ।

हालसालै खिचिएको पुरै माखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखच गर्ने

अनुसूची-२

## दरखास्त फाराम

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

१. निवेदकको पुरा नाम थरः(देवनागरी) ...............................
Name in English (Block Letter):

२. लिङ्गः पुरुष/महिला/अन्यः ..................

३. निवेदकको स्थायी ठेगानाः जिल्लाः ......महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका गाउँपालिका........ वडा नं.......स्थान.....

४. निवेदकको जन्म मिति(साल/महिना/गते): .......................

५. उमेरः ............................

६. नागरिकता नं. ....................

७. नागरिकता जारी भएको जिल्लाः .......................

८. उम्मेद्वारले दरखास्त दिन चाहेकोः

| | |
|---|---|
| विज्ञापन नंः. | .............. |
| पदः | .............. |
| सेवाः | .............. |

९. निवेदकको शैक्षिक योग्यता सम्बन्धी विवरणः

| क्र.सं. | शैक्षिक योग्यता | अध्ययन गरेको संस्थाको नाम, ठेगाना | उत्तीर्ण गरेको वर्ष | उत्तीर्ण गरेको श्रेणी/प्रतिशत/जिपिए |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

१०. निवेदकको रोजगार तथा कृषि सम्बन्धी व्यवसायमा संलग्नताको कार्य अनुभव सम्बन्धी विवरणः ......................................................

निवेदनमा उल्लेख भएको विवरण सत्य छ, झुठो ठहरिएमा कानुन बमोजिम सहनेछु ।

नामः
हस्ताक्षरः
मितिः

| दायाँ | बाँया |
|---|---|
| | |

प्रवेश पत्रः-

| मन्त्रालयको छाप | | हालसालै खिचिएको पुरै माखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |
|---|---|---|

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

नामः

विज्ञापन नम्बरः

पदः

परीक्षा केन्द्र-ः

रोल नम्बर-ः

..................................... ..........................

निवेदकको दस्तखत कर्मचारीको दस्तखत

## अनुसूची-३

(दफा १० सँग सम्बन्धित)

## पशु सेवा अधिकृत (अधिकृतस्तर सातौं) पदको खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम

**1. Legislations, plans, policies, and current affairs** **20%**

1.1 The Constitution of Nepal
1.2 Civil service act and regulation (Federal)
1.3 Concept, objective, and importance of public policy
1.4 Government planning, budgeting, and accounting system
1.5 Status of veterinary services in federal, provincial, and local level
1.6 Status of production and production systems of livestock and poultry
1.7 Indigenous and exotic breeds of livestock and poultry and their population
1.8 National and provincial policies and plans related to livestock sector
1.9 Agriculture Development Strategy (ADS)
1.10 World organization of animal health (OIE)
1.11 Responsibilities of the Ministry of Agriculture and Livestock Development, Bagamati province
1.12 Organizational structure of Ministry of Agriculture and Livestock Development, Bagamati province

**1.13 Acts & Regulations**

1.13.1 National Animal breeding policy, 2078
1.13.2 National Animal health policy, 2078
1.13.3 National Dairy development policy, 2078
1.13.4 Animal Health and Livestock Service Act, 2055 and it's regulation, 2056
1.13.5 Slaughterhouse and Meat inspection Act, 2055 and it's regulation, 2057
1.13.6 Nepal Veterinary Council Act, 2055 and it's regulation, 2057
1.13.7 Provincial Dairy Development Act, 2075 and it's regulation, 2076
1.13.8 Provincial Seed Act, 2077
1.13.9 Bird flu control regulation, 2078
1.13.10 Agriculture and Livestock insurance directives, 2077
1.13.11 Animal transportation standard, 2064
1.13.12 Other provincial acts and regulations related to veterinary services

**2. Clinical subjects** **40%**

**2.1 Veterinary Medicine**

2.1.1 Bacterial, viral, and fungal diseases of farm livestock and poultry
2.1.2 Transboundary animal disease (TADs)
2.1.3 Parasitic disease (ecto and endo parasites) of farm livestock and poultry
2.1.4 Zoonotic diseases of public health importance
2.1.5 Metabolic disease of farm livestock and poultry
2.1.6 Normal physiological values like body temperature, rectal temperature, heart rates, respiratory rates, urinary volume, and fecal output of different species of animals

**2.2 Veterinary Surgery**

2.2.1 Antiseptics and disinfectants
2.2.2 Sterilizations of surgical materials and instruments
2.2.3 Importance of sutures and suturing materials
2.2.4 Inflammations, abscess, tumors, cysts, hematoma, hernia, and their treatment
2.2.5 Gangrene, burn, scald, frost bite and their treatment
2.2.6 Fractures and dislocations
2.2.7 Caesarian section, Rumenotomy, Ovario-histerectomy, Stringhalt, Spaying, Castration
2.2.8 Different types of local, regional, and general anesthetic procedures

**2.3 Veterinary obstetrics and Gynecology**

2.3.1 Normal reproductive cycle of different farm animals
2.3.2 Reproductive hormones
2.3.3 Artificial insemination, embryo transfer, and pregnancy diagnosis
2.3.4 Sub-fertility, infertility, sterility, and abortion in farm livestock
2.3.5 Reproductive disorders and its management

**2.4 Clinical pathology and parasitology**

2.4.1 Sample collection and dispatch to the laboratory
2.4.2 Hematological examinations
2.4.3 Blood chemistry, Liver, and kidney functions tests
2.4.4 Urine analysis
2.4.5 Antibiotic sensitivity test (AST), California mastitis tests (CMT)
2.4.6 Laboratory diagnosis of important disease of animals and poultry
2.4.7 Different staining procedures
2.4.8 Clinical parasitology
2.4.9 Examination of skin scrapping
2.4.10 Bacterial, viral, and fungal serological techniques

**3. Para-clinical subjects 40%**

**3.1 Veterinary Microbiology**

3.1.1 Bacteria, virus, and fungus
3.1.2 Bacterial genetics, mutation and variations associated with virulence
3.1.3 Resistance and immunity, antigen-antibody reaction
3.1.4 Immune system and immunization of animals
3.1.5 Hypersensitivity

**3.2 Veterinary Parasitology**

3.2.1 Parasites and Parasitism, types of parasitism, host-parasite relationship
3.2.2 Antiparasitic and anthelmintic medication, anthelmintic resistance
3.2.3 General description, classification, morphological characteristics, and diseases caused by helminths, arthropods, insects of domesticated animals
3.2.4 Protozoon parasites of domesticated animals and birds

**3.3 Veterinary Pathology**

3.3.1 Inflammation, classification, and changes in inflammatory responses
3.3.2 Disturbances in growth, neoplasm, and cancer
3.3.3 Healing and fever

3.3.4 Pathology of diseases of cardiovascular system, hemopoietic system, respiratory system, digestive system, urinary system, genital system, nervous system, endocrine system, sense organs and musculoskeletal system of domesticated animals and birds

**3.4 Veterinary Pharmacology and Toxicology**

3.4.1 Anesthetics, hypnotics, sedatives, tranquilizers, analgesics, analeptics, antipyretics, histamines, antihistamines, muscle relaxants

3.4.2 Drugs acting on cardiovascular system, digestive system, respiratory system, urogenital system, central nervous system, skin, and mucus membrane

3.4.3 Endocrine pharmacology and vitamins

3.4.4 Antibiotics, antifungal, anthelmintics, antiprotozoal, antiviral, and anticancer agents

3.4.5 Cytotoxic and immunosuppressive drugs

3.4.6 Toxicity caused by metals and non-metals, plants, commonly used drugs, agrochemicals, venomous bites and stings and environmental toxicity

**3.5 Epidemiology and Veterinary public health**

3.5.1 Different terminologies used in epidemiology

3.5.2 Epidemiological concept of disease control

3.5.3 Different types of epidemiological studies

3.5.4 Outbreak investigation

3.5.5 Risk analysis

3.5.6 HACCP (Hazard analysis and critical control point)

**3.6 Veterinary extension**

3.6.1 Definition, and principles of extension education

3.6.2 Classification of extension teaching methods

3.6.3 Public private partnership

3.6.4 Social mobilization

**3.7 Animal Nutrition**

3.7.1 Functions of water, proteins, fats, carbohydrates, minerals and vitamins and their requirements for different species of livestock and poultry and their deficiency

3.7.2 Intake, digestion, utilization, metabolism of nutrients by ruminants and non-ruminants

3.7.3 Classification of feed and evaluation of feed quality

3.7.4 Feed additives and feed supplements

3.7.5 Utilization of crop and industrial by-products in livestock and poultry

3.7.6 Feeding standards for different stages of livestock and poultry species

3.7.7 Ration formulation for farm livestock and poultry

**3.8 Livestock Production and Management**

3.8.1 Housing and space requirement of different livestock and poultry

3.8.2 Management of different stages of livestock and poultry

3.8.3 Good husbandry practice

**3.9 Pasture and fodder**

3.9.1 Classification of different types of pasture and fodder species

3.9.2 Agronomical management of tropical, sub-tropical and temperate species of legumes and non-legumes

3.9.3 Agronomical management of fodder trees

3.9.4 Different methods of forage conservation- hay, silage, haylage

3.9.5 Anti-nutritional factors present in feeds and fodder/forages

3.9.6 Principles and practices of forage seed production

3.9.7 Seed production of forage and fodder trees

3.9.8 Seed quality control system and quality testing of forage and fodder seed

**3.10 Animal Breeding**

3.10.1 Heritability and repeatability estimates

3.10.2 Breeding values, genetic and phenotypic relationships

3.10.3 Selection: principles of selection, method of selection, basis of selection

3.10.4 Types/system of breeding: inbreeding and outbreeding

3.10.5 Breeding approaches of indigenous and exotic livestock and poultry

**3.11 Dairy**

3.11.1 Composition of milk of dairy animals

3.11.2 Nutritive value of milk with respect to different milk constituents

3.11.3 Physical and chemical properties of milk

3.11.4 Pasteurization and homogenization of milk

3.11.5 Legal standard of different milk and milk products in Nepal

## अनुसूची-४

## (दफा १० सँग सम्बन्धित)

## कृषि विकास अधिकृत (अधिकृतस्तर सातौं) पदको खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम

1. **Current Status of Agriculture Sector in Nepal 4 %**
   1.1 Overview of Nepalese agriculture: Current status and scope
   1.2 Institutional arrangement of agricultural research, extension and education in Nepal
   1.3 Responsibilities of the Ministry of Agriculture and Livestock Development, Bagamati province
   1.4 Organizational structure of Ministry of Agriculture and Livestock Development, Bagamati province
2. **Agriculture Research, Extension and Education 6%**
   2.1 Role of agriculture research in contemporary agriculture
   2.2 Agricultural education systems in Nepal
   2.3 Major functions of agriculture research, extension, and education in Nepal
   2.4 Linkage and coordination among research, extension, and teaching in Nepal
   2.5Participatory technology development, participatory planning, monitoring, evaluation and feedback
3. **Natural Resource, Environment Conservation, Climate Change and Disaster-Risk Management 10%**
   3.1 Use of fertilizers and pesticides in agriculture and their implications to environment
   3.2 Integrated pest, crop, and plant nutrient management systems ( IPM, ICM, IPNM ) and Good Agricultural Practices (GAP)
   3.3 Organic agriculture, and organic products for export promotion and food safety
   3.4 Climate change and its impact in agriculture sector
   3.5 Climate change adaptation and mitigation strategies of Nepal
   3.6 Crop insurance in Nepal: Current policies and status
4. **Legislations, Plan, Policies, Strategies in Agriculture 20%**
   4.1 Agriculture sector in current constitution
   4.2 Concept, goals, target and strategies of current periodic plan
   4.3 Planning, implementation, monitoring and evaluation of agricultural projects
   4.4 National Agriculture Policy, 2061 (2004)
   4.5 Agriculture Development Strategy (ADS), 2015-2035 AD: vision, mission, target, components and its salient features, implementation status of ADS, supporting projects and institutional arrangement
   4.6 Provincial Seeds Act, 2076
   4.7 Agriculture Sector in First Provincial Periodic Plan of Bagamati Province(2076/77-2080/81
   4.8 Transformation Roadmap for Agriculture, Livestock and Fisheries Sector in Bagamati Province, 2078
   4.9 Agriculture sector in Common Minimum Program, 2078 of Bagamati Provincial Government

4.7 Plant Protection Act, 2064 (2007) and Plant Protection Rules, 2066 (2010)
4.8 Pesticides Management Act, 2076 (2019) and Regulation
4.9 Chemical Fertilizer Distribution Directives, 2077

**5. Agricultural Technology and Management 60%**

5.1 Package of Cultivation practices: Major cereals, Vegetables, Fruits, Oilseed, Grain Legumes and Flowers
5.2 Disease and Insect Pest and its Management: Major cereals, Vegetables, Fruits, Oilseed, Grain Legumes and Flowers
5.3 Seed quality assurance: Seed production, laboratory testing, processing, handling, marketing and storage
5.4 Food and nutrition security: Concepts, status and dimensions
5.5 Integrated Pest Management ( IPM ) concepts and strategies/practices
5.6 Precision and protected agriculture: Concepts and technologies
5.7 Strategies for commercialization of high value low volume commodities
5.8 Concept of soil fertility and productivity
5.9 Essential plant nutrients and their sources (manures and fertilizers)
5.10 Soil reaction (pH) and soil reaction improvement
5.11 Concept of Integrated Plant Nutrient Systems ( IPNS ) and its significance
5.12 Agricultural markets and marketing in Nepal
5.13 Current Agriculture Census
5.14 Postharvest management of agricultural commodities

**अनुसूची-५**

**(दफा १० सँग सम्बन्धित)**

**पशु स्वास्थ्य प्राविधिक (सहायकस्तर पाचौं) पदको खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम**

**(क) कृषि तथा पशुपन्छी सम्बन्धी** २०%

१. नेपालको संविधानमा कृषि तथा खाद्य सम्वन्धी व्यवस्था
२. कृषि विकास रणनीति सम्बन्धी सामान्य जानकारी
३. राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८
४. राष्ट्रिय पशु प्रजनन नीति, २०७८
५. राष्ट्रिय दुग्ध वाकस नीति, २०७८
६. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा नियामावली, २०५६
७. पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ तथा नियमावली, २०५७
८. प्रदेश बीउविजन ऐन, २०७६
९. प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ र सो को विनियमावली, २०७६
१०. बर्डफ्लु रोग नियन्त्रण नियमावली, २०७८
११. कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७
१२. दूध तथा दुग्ध पदार्थको स्वच्छता एवम् गुणस्तर निर्देशिका, २०७५
१३. पशु ढुवानी मापदण्ड, २०६४
१४. निजामती कर्मचारीको आचरण सम्बन्धी व्यवस्था
१५. बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्य-जिम्मेवारी
१६. वर्तमान संघीय, प्रादेशिक र स्थानीय तहमा पशुपन्छी तथा मत्स्य सेवाको संरचना
१७. पशुपन्छी तथा मत्स्यपालनको वर्तमान अवस्था
१८. बागमती प्रदेशको पशुपन्छी तथा मत्स्य तथ्याङ्क
१९. बागमती प्रदेशको कृषिसँग सम्बन्धित नीति तथा कार्यक्रम

**(ख) भेटेरीनरी** ४०%

१. नेपालमा देखापरेका गाई/भैंसी/भेडा/बाख्रा/बंगुर/कुखुरामा लाग्ने जिवाणु, विषाणु, ढुसीजन्य प्रमुख रोगहरुबारे सामान्य जानकारी (खोरेत, पि.पि.आर, स्वाईन फिवर, मिल्क फिवर, रेविज, बर्डफ्लु, रानिखेत, ब्रुसेलोसिस, भ्यागुते, चरचरे, थुनेलो आदि)
२. गाई/भैंसी/भेडा/बाख्रा/बंगुर/कुखुरामा लाग्ने आन्तरिक र बाह्य परजीविजन्य रोगहरु
३. प्रजनन् सम्बन्धी विकृति तथा समस्याहरुको कारण, लक्षण, उपचार तथा रोकथाम (साल नझर्ने, तुहिने, डिस्टोकिया, बाँझोपन, उल्टिने समस्या आदि)
४. जुनोटिक रोगहरुः दुधबाट सर्ने र मासुबाट सर्ने
५. पशुपन्छीमा भिटामिन र मिनरलको कमिबाट हुने रोगहरु

६. आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु
७. नमुना संकलन तथा सम्प्रेषण विधि

**(ग) लाईभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट ४०%**

१. गाई/भैंसी/भेडा/बाख्रा/बंगुर/कुखुराका स्थानीय र उन्नत जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु; माछाको जातहरु
२. पशुपन्छी प्रजननका लागि छनौट तथा प्रजनन् विधि
३. भाले खोजेको पोथीको लक्षण तथा प्रजनन् गराउने उपयुक्त समय
४. कृत्रिम गर्भाधान
५. ऋृतु चक्र र प्रजननसँग सम्बन्धित हर्मोनहरु
६. पौष्टिक तत्वहरुको वर्गीकरणः कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, पानी र खनिज पदार्थ तथा प्रत्येक पोषकतत्वका महत्वहरु
७. घाँसपात संरक्षणः हे, साईलेज र हेलेज
८. परालमा युरिया प्रयोग गर्ने विधि र उपयोगिता, यूरिया मोलासेस मिनरल ब्लक
९. उन्नत जातका घाँसहरु (कोषे घाँस, अकोषे घाँस, डाले घाँस)
१०. स्थानीय जातका घाँसहरु
११. प्रचलित तथा उन्नत व्यवस्था अनुसार पशुपन्छीको गोठ र खोर बनाउँदा ध्यान दिनुपर्ने आधारहरु (गाई, भैंसी, बाख्रा, भेडा, सुंगुर, कुखुरा)
१२. पशुपन्छीको गोठ, खोर सफा राख्ने र जैविक सुरक्षा विधि
१३. विभिन्न पशुपन्छीको भाले, माउ तथा बच्चाको स्याहार तथा आहाराको व्यवस्था
१४. दुध तथा दुग्ध पदार्थको पौष्टिक तत्व, बनावट र दुग्ध प्रशोधन गर्ने विधि
१५. दुध तथा दुग्ध पदार्थको गुणस्तर मापदण्ड
१६. छुर्पि, क्रिम, बटर, चिज, घीउ, आइसक्रिम, दही, पेडा, खुवा बनाउने विधि

## अनुसूची -६

**(दफा ११ को खण्ड (ख) को उपखण्ड (१) सँग सम्बन्धित)**

**अन्तरवार्ता मूल्यांकनको आधार**

पूर्णाङ्क : २०

| क. स. | विवरण | अंकभार |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | ७ |
| २ | बागमती प्रदेशभित्र स्थायी वासिन्दा भएका मात्र | ५ |
| ३ | व्यक्तित्व | २ |
| ४ | सिर्जनशील क्षमता | २ |
| ५ | प्रस्तुति कला | २ |
| ६ | आत्मविश्वास | २ |
| | **जम्मा** | २० |

## अनुसूची-७

## (दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

## <u>करार सेवा नियुक्तिको सम्झौताको नमूना</u>

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा, नेपाल (पहिलो पक्ष भनिएको) र श्री ...........................................................................(पद) यस पछि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउने मञ्जुर भइ यो सम्झौता गरी एक/ एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. करार सेवामा नियुक्ति हुने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछ ।

(क) करार सेवामा नियुक्त हुने कर्मचारी जुन तहको पदमा नियुक्त भएको हो सो पदको शुरु तलब स्केल बरावरको पारिश्रमिक पाउनेछ ।

(ख) करार सेवामा नियुक्ति भइ कम्तीमा ६ महिना निरन्तर सेवा गर्ने कर्मचारीलाई एक महिनाको तलब बरावरको रकम चाडपर्व खर्च दिन सकिनेछ ।

(ग) करार सेवामा नियुक्त कर्मचारीले सार्वजनिक बिदा बाहेक मासिक एक दिन का दरले भैपरी/पर्व/घर बिदा पाउनेछ, तर संचित बिदा वापतको रकम भुक्तानी पाउने छैन । महिला कर्मचारीको हकमा नियमानुसार प्रसुति विदा उपलब्ध गराईनेछ । उक्त बिदा चालु बर्ष सम्म मात्र संचित हुने छ। कर्मचारी आफै किरिया बस्नु परेमा एक पटकमा १५ दिन किरिया विदा पाउने छ र यसरी किरिया विदामा बसेको कर्मचारीले कार्यालयमा हाजिर भएको मितिले १५ दिन भित्रमा सम्बन्धित ब्यक्तिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेश गर्नुपर्नेछ ।

(घ) बजेटमा व्यवस्था गरी प्रचलित कानून अनुसार पोशाक भत्ता उपलब्ध गराउन सकिनेछ ।

(ङ) दोस्रो पक्षले प्रथम पक्षलाई कुनै हानी नोक्सानी हुने कार्य गरेमा सो हानि नोक्सानी वापतको क्षतिपुर्ति दोस्रो पक्षले प्रथम पक्षलाई दिनुपर्नेछ ।

(च) दोस्रो पक्षले कार्यालयको गोप्य कुरा, कागजात, सूचना, विवरण सार्वजनिक गर्ने वा कुनै अनधिकृत व्यक्ति वा प्रेसलाइ उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई सेवाबाट हटाई सो वापतको हानी नोक्सानी क्षतिपुर्ति दोस्रो पक्षले प्रथम पक्षलाई दिनुपर्नेछ।

२. यो करार सेवाको अवधि चालु आ. व. को ............महिनाको .......गते सम्म कायम रहने छ । आवश्यकता अनुसार मन्त्रालयले अवधि थप गर्न सक्नेछ ।

३. दोस्रो पक्षले प्रचलित निजामती सेवा ऐन र नियमावालीको पूर्ण पालना गर्नुपर्नेछ । पुर्ण पालना गरेको नपाईएमा पहिलो पक्षले जनुसुकै बेला करार भङ्ग गर्न सक्नेछ । तर सफाईको मौका दिईनेछ।

४. करार सम्झौता भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित कार्यालयले तोकेअनुसार कामकाजमा खटिनुपर्नेछ ।

५. खटाएको कार्यालयमा हाजिर भएको मिति देखि मात्र सेवा सुविधा पाउनेछ ।

| | |
|---|---|
| **पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको :** | **दोस्रो पक्षको तर्फबाट हस्ताक्षर** |
| दस्तखत : | दस्तखत : |

| | |
|---|---|
| नाम, थर : | नाम, थर : |
| कार्यालय : | पदः |
| पद :स्थायी ठेगाना : | |
| सम्पर्क फोन नं. : | सम्पर्क नं |
| मिति : | |

साक्षीः